**मिति २०७५।१२।१४**

आज मिति २०७५ साल चैत्र १४ गते विहिबारका दिन नेपालको संविधानको धारा २१६ अनुसार गठित मेचीनगर नगरपालिका, नगर कार्यपालिकाको बैठक नगरपालिकाका नगर प्रमुख श्री विमल आचार्यज्यूको अध्यक्षतामा उप प्रमुखज्यू तथा देहायका पदाधिकारीहरुको उपस्थितिमा बैठक बसी निम्नानुसार निर्णय गरियो ।

**उपस्थिति**

| | |
|---|---|
| प्रमुख श्री विमल आचार्य, मेचीनगर नगरपालिका | दस्तखत |
| उप प्रमुख श्री मीना पोखेल उप्रेती, मेचीनगर नगरपालिका | दस्तखत |
| वडा नं. १ अध्यक्ष श्री पासाङ्ग तामाङ्ग, | अनुपस्थित |
| वडा नं. २ अध्यक्ष श्री तिलक न्यौपाने, | अनुपस्थित |
| वडा नं. ३ अध्यक्ष श्री हर्कबहादुर बस्नेत, | दस्तखत |
| वडा नं. ४ अध्यक्ष श्री नवीन बराल, | दस्तखत |
| वडा नं. ५ अध्यक्ष श्री योगेन्द्र थापा, | दस्तखत |
| वडा नं. ६ अध्यक्ष श्री ललितबहादुर तामाङ्ग, | अनुपस्थित |
| वडा नं. ७ अध्यक्ष श्री चन्दन मेचे, | दस्तखत |
| वडा नं. ८ अध्यक्ष श्री विकेन्द्र धिमाल, | दस्तखत |
| वडा नं. ९ अध्यक्ष श्री गोपाल खड्का, | दस्तखत |
| वडा नं. १० अध्यक्ष श्री सुवेश पनेरु, | दस्तखत |
| वडा नं. ११ अध्यक्ष श्री सन्तोषकुमार मेचे, | दस्तखत |
| वडा नं. १२ अध्यक्ष श्री नरेन्द्र धिमाल, | दस्तखत |
| वडा नं. १३ अध्यक्ष श्री कृष्ण सिग्देल, | दस्तखत |
| वडा नं. १४ अध्यक्ष श्री शंकर पोखरेल, | दस्तखत |
| वडा नं. १५ अध्यक्ष श्री गुणराज भट्टराई, | दस्तखत |
| कार्यपालिका सदस्य श्री टीकारमा सार्की मगराँती, | दस्तखत |
| कार्यपालिका सदस्य श्री लक्ष्मी तामाङ्ग, | दस्तखत |
| कार्यपालिका सदस्य श्री रुपा गुरुङ्ग, | दस्तखत |
| कार्यपालिका सदस्य श्री कृष्ण कनाल, | दस्तखत |
| कार्यपालिका सदस्य श्री पूर्ण मेचे, | दस्तखत |
| कार्यपालिका सदस्य श्री निर्माला परियार, | दस्तखत |
| कार्यपालिका सदस्य श्री विन्दा प्रसाईं, | दस्तखत |
| कार्यपालिका सदस्य श्री कुश्मीकुमारी चौधरी, | दस्तखत |
| सचिव, प्र. प्र. अ. श्री महेन्द्रकुमार खाम्याहाङ्ग, | दस्तखत |

**अन्य उपस्थिति**

१. ब. प्र. अ. श्री अनन्तप्रकाश वस्ती दस्तखत

२. ईन्जिनियर श्री कमलप्रसाद कोइराला दस्तखत

३. ले. अ. श्री राजनकुमार भेटुवाल दस्तखत

४. शा. अ. श्री विक्रम लिम्बू, दस्तखत

५. कर अधिकृत श्री चक्रपाणि खनाल दस्तखत

६. आई टी श्री अशोक भेटुवाल दस्तखत

**निर्णय नं. १.** नेपाल र भारतको सिमाना काँकरभिट्टा स्थित हालको मेची पुलको उत्तरतर्फ एडिबिको सहयोगमा भारत सरकार मार्फत् निर्माणाधीन पक्की पुल र पहुँच मार्ग निर्माण हुने भौतिक पूर्वाधारका कारणबाट प्रभावित हुने ४४ घर परिवारमध्ये जग्गा धनी प्रमाण पूर्जा भएकाहरुले नेपाल सरकारबाट मुआब्जा रकम पाउने सुनिश्चित भएको, तर उक्तमध्ये २०४९ सालदेखि बसोबास गरिरहेका देहायका ४० घर परिवारले भोगचलन गरिरहेको जमिनको स्वामित्वको जग्गा धनी प्रमाण पूर्जा नभएका कारण बसोबास गरिरहेको जमिनको मुआब्जा पाउन नसक्ने देखिएको व्यहोरा उल्लेख गरी यस नगर कार्यपालिकाको २०७४।१२।२० को निर्णय नं. १७ र २०७५।११।१३ को निर्णय नं. ३ बाट निर्णय गरी राहत रकम माग गरी पटकपटक विवरण पठाइएकोमा हालसम्म राहत रकम प्राप्त भइनसकेको हुँदा जग्गाको स्वामित्वको प्रमाणपूर्जा नभएका, तर भोगचलन गरी बसिरहेको बसोबासीले भोगचलन गरेको कूल क्षेत्रफल १२५.५ धूरका भोगचलनकर्ताको नाम नामेसी र क्षेत्रफल उल्लेख गरी प्रति धूर रु. २ लाख ११ हजार १५५ का दरले राहत रकम यसै कर्यालयबाट वितरण गर्ने गरी रु. २ करोड ६५ लाख रकम सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमार्फत् नेपाल सरकारबाट निकासा माग गर्ने निर्णय गरियो । साथै देहायका बसोबासीको नाम, थर र जग्गाको क्षेत्रफल फरक पर्न गएमा सम्बन्धित वडा कार्यालयको सर्जमिन सिफारिससमेतका आधारमा राहत रकम वितरण गर्ने निर्णय गरियो ।

**निम्न**

| क्र.सं. | जग्गावालाको नाम, थर | क्षेत्रफल | सडक अधिकार क्षेत्रभित्र परेको | हकको अवस्था |
|---|---|---|---|---|
| १ | श्री छत्रमाया राई | ३.५ धुर | पुरै | भोगानुसार |
| २ | श्री सोली खातुन | १.५ धुर | पुरै | भोगानुसार |
| ३ | श्री टीका भण्डारी | १.५ धुर | पुरै | भोगानुसार |
| ४ | श्री हेमचन्द्र ढुंगेल | १.५ धुर | पुरै | भोगानुसार |
| ५ | श्री भुमिकला ढकाल | ३ धुर | पुरै | भोगानुसार |
| ६ | श्री उदयराम भण्डारी | ३ धुर | २ धूर मात्र पर्ने | भोगानुसार |
| ७ | श्री दिलिप भट्टराई | ३ धुर | १ धूर मात्र पर्ने | भोगानुसार |
| ८ | श्री अप्सरा अधिकारी | ३ धुर | पुरै | भोगानुसार |
| ९ | श्री रुद्र राई | ,२ धुर | पूरै | भोगानुसार |
| १० | श्री दिलिप महम्मद | ३ धर | पूरै | भोगानुसार |
| ११ | श्री राजकुमार गिरी | ,२ धुर | पूरै | भोगानुसार |
| १२ | श्री ठेक्पा शेर्पा | १.५ धुर | पूरै | भोगानुसार |
| १३ | श्री फुलमाया पाठक | ३ धुर | पूरै | भोगानुसार |
| १४ | श्री कुमार गुरुङ्ग | ३ धुर | २.५ धूर | भोगानुसार |
| १५ | श्री अर्जुन सँढाइँ | ५ धुर | २.७५ धूर | भोगानुसार |
| १६ | श्री शंकर ढकाल | ५ धुर | ४ धूर | भोगानुसार |
| १७ | श्री भिमप्रसाद तिवारी | ५ धुर | पुरै | भोगानुसार |

| | | | | |
|---|---|---|---|---|
| १८ | श्री शारदा काफ्ले | ४ कठ्ठा १० धुर | पूरै | भोगानुसार |
| १९ | श्री लिलाधर काफले | ४ कठ्ठा १० धुर | पूरै | भोगानुसार |
| २० | श्री दुर्गाबहादुर राई | ९ धुर | पूरै | भोगानुसार |
| २१ | श्री ग्याल्जेन शेर्पा | ३ धुर | पूरै | भोगानुसार |
| २२ | श्री ज्ञानबहादुर तामाङ्ग | ३ धुर | पूरै | भोगानुसार |
| २३ | श्री नवराज दाहाल | ३ धुर | पूरै | भोगानुसार |
| २४ | श्री खड्गप्रसाद कडरिया र गोमा लिम्बू | ३ धुर | पूरै | भोगानुसार |
| २५ | श्री माया बस्नेत | ३ धुर | पूरै | भोगानुसार |
| २६ | श्री चिरन्जिवी तिवारी | ३ धुर | पूरै | भोगानुसार |
| २७ | श्री कलप्रसाद शर्मा | ३ धुर | पूरै | भोगानुसार |
| २८ | श्री सुशिल कोइराला | ३ धुर | पूरै | भोगानुसार |
| २९ | श्री गोविन्द ढुंगाना | ३ धुर | पूरै | भोगानुसार |
| ३० | श्री कोपिला खत्री र अमर खत्री | ३ धुर | पूरै | भोगानुसार |
| ३१ | श्री पवित्रा पाठक | ३ धुर | पूरै | भोगानुसार |
| ३२ | श्री कुमार पाठक | ३ धुर | पूरै | भोगानुसार |
| ३३ | श्री प्रकाश पौडेल र आलम मोहम्मद | ३ धुर | पूरै | भोगानुसार |
| ३४ | श्री राजकुमार गौतम | ३ धुर | पूरै | भोगानुसार |
| ३५ | श्री गोविन्द गुरागाईं | ३ धुर | पूरै | भोगानुसार |
| ३६ | श्री भिमकला निरौला | ३ धुर | पूरै | भोगानुसार |
| ३७ | श्री बाकसबहादुर खत्री | ७ कठ्ठा | ७.२५ धूर मात्र पर्ने | भोगानुसार |
| ३८ | श्री प्रेमबहादुर लिम्बू | ३ धुर | पुरै | भोगानुसार |
| ३९ | श्री पम्फा लामा | १.५ धुर | पुरै | भोगानुसार |
| ४० | श्री मिलन प्रहेरी | ३ धुर | पुरै | भोगानुसार |

**निर्णय नं. २.** मेचीनगर नगरपालिका क्षेत्र भएर बहने मेची, निन्दा, हडिया र टिमाई खोलाबाट जिल्ला समन्वय समिति, झापाबाट स्वीकृत भएको प्रारम्भिक वातावरणीय परीक्षण ( IEE ) प्रतिवेदनको आधारमा नदी/खोलाजन्य निर्माण सामग्रीको उत्खनन, संकलन र विक्रि मूल्य कर संकलन गर्न यस नगरपालिकाले विनिता श्री ट्रेडर्स एण्ड सप्लायर्स प्रा. लि., इटहरी, सुनसरी ( स्थायी लेखा नं. ३०४३६५८०७ र मो. नं. ९८५२०२०२७६ का श्री भिमबहादुर पौडेल ) सँग कबोल अंक रु. ५ करोड ४ लाख ९० हजार ६०० र सोको मू.अ. कर रु. ६५ लाख ६३ हजार ७७८ तथा अग्रिम आय कर रु. ७ लाख ५७ हजार ३५९ समेत कबुलियतमा तोकिएको समय सिमाभित्र तत्तत् निकायमा दाखिला गर्ने गरी कबुलियत ठेक्का संझौता भई उत्खननलगायतको कार्य भइरहेकोमा विनिता श्री ट्रेडर्स एण्ड सप्लायर्स प्रा. लि., इटहरी, सुनसरीले उत्खननको विषय बनाई मिति २०७५।१२।१० , दर्ता नं. १०७५४ बाट कार्यालयमा निवेदन पेश गरेको व्यहोरा कार्यपालिका बैठकमा जानकारी भयो । विनिता श्री ट्रेडर्स एण्ड सप्लायर्स प्रा. लि., इटहरी, सुनसरीले गरेको कबुलियतको शर्तहरुका देहायमा स्थानीय स्तरमा कुनै विवाद आएमा दुवै पक्षले सोको समाधान गरेर मात्र उत्खनन गर्ने शर्त भएकोमा यस नगरपालिकामा निज विनिता श्री ट्रेडर्स एण्ड सप्लायर्स प्रा. लि., इटहरी, सुनसरीले यस अघि उत्खनन क्षेत्रको समस्याको बारेमा कुनै जानकारी नगराएको, शर्तबमोजिम उत्खनन गरेको सामग्रीको परिमाणको लगत हालसम्म पेश नगरेको र ठेक्का चलान पूर्जी जारी गरिएपछि कुनै किसिमको मिनाहा वा छुट मागदावी नगर्ने शर्तमा कबुल गरेको हुँदा निज विनिता श्री ट्रेडर्स एण्ड सप्लायर्स प्रा. लि., इटहरी, सुनसरीले पेश गरेको निवेदन संझौताको शर्त बन्देजभित्र नरहेको तथा उल्लिखित ठेक्का संझौता बमोजिम नदी/खोलाजन्य निर्माण सामग्री उत्खनन र संकलन **दिन गणना**मा आधारित नभई **परिमाण**सँग मात्र सम्बन्धित रहेको हुँदा उक्त निवेदनको सम्बन्धमा यस नगर कार्यपालिकाको मिति २०७५।११।१४ को निर्णय नं. १९ को निर्णय व्यहोरा पुनः स्मरण गराई जवाफदेही नबनेको हुँदा पुनः निज विनिता श्री ट्रेडर्स एण्ड सप्लायर्स प्रा. लि., इटहरी, सुनसरीलाई संझौताअनुसार तोकिएको मू. अ. कर, अग्रिम आय कर र किस्ता रकम तोकिएको निकायमा

संभौतामा तोकिएको समय सारिणीभित्र दाखिला गर्न पत्राचार गर्ने  र हालसम्म उल्लिखित नदी, खोलाबाट उत्खनन भएको नदीजन्य सामग्री ( ढुंगा, गिट्टी, बालुवा) को निर्धारित क्षेत्रगत परिमाणको विवरण तयार गरी प्रतिवेदन पेश गर्न मेचीनगर नगरपालिका, नगर कार्यपालिकाको पूर्वाधार विकास समितिको संयोजक श्री कृष्ण कनाल, जिल्ला समन्वय समिति, झापाको आधिकारिक प्रतिनिधि,  विनिता श्री ट्रेडर्स एण्ड सप्लायर्स प्रा. लि., इटहरी, सुनसरीको आधिकारिक प्रतिनिधि र प्रारम्भिक वातावरणीय परीक्षण गर्ने परामर्शदाताको प्रतिनिधि समेतको संलग्नतामा ठेक्का अवधि ( २०७६ जेठ मसान्तसम्म ) भरिमा २ पटक स्थलगत अध्ययन प्रतिवेदन पेश गर्न एक कार्यदल गठन गर्ने र सो कार्यदलले दिएको प्रतिवेदनसमेतको आधारमा ठेक्का कार्यान्वयनलाई व्यवस्थापन गर्दै लैजान तथा परामर्श दातालाई विशेषज्ञीय सेवा वापत एकमुष्ट रु. ५० हजार ( चालु तर्फ परामर्श सेवा शुल्क बाट ) पारिश्रमिक उपलब्ध गराउने र अन्यलाई नियमानुसार बैठक भत्ता उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. ३.** चालु आ. व. २०७५।०७६ मा तराई मधेश समृद्धि कार्यक्रमबाट यस नगरपालिकाको वडा नं. १ मा हिलेखोला र सारु खोलामा कल्भर्ट निर्माणका लागि कार्यक्रमबाट रु. ४२ लाख र नगरपालिका कोषबाट ५ लाख समेत रु. ४७ लाखको र वडा नं. १५ को डिगेन प्रा. वि. हुँदै शान्ति डाँडा पुल निर्माणको लागि कार्यक्रमबाट रु. ७५ लाख र नगरपालिका कोषबाट रु. १० लाख समेत रु. ८५ लाखको दुईवटा आयोजना स्वीकृत भएकोमा यस कार्यालयबाट बोलपत्र आह्वान भई स्वीकृत भएका बोलपत्रदाताको बोल अंकको मर्मत सम्भार कोष, आयोजना व्यवस्थापन खर्च र मू. अ. कर समेत हिलेखोला र सारु खोलामा खर्च हुने सुनिश्चित भएको रु. ३४ लाख २० हजार मध्ये कार्यक्रमबाट रु. ३० लाख ५० हजार ४० रुपैयाँ खर्च हुने भई रु. ४२ लाखमध्ये **रु. ११ लाख ४९ हजार** ९६० बाँकी रहने र डिगेन प्रा. वि. हुँदै शान्ति डाँडा पुल निर्माण रु. ६१ लाख ५१ हजार २७८ मध्ये कार्यक्रमबाट खर्च हुने सुनिश्चित भएका रु. ५४ लाख २७ हजार खर्च हुने भई रु. ७५ लाखमध्ये **रु. २० लाख ७३ हजार** बाँकी रहने गरी कूल **रु. ३२ लाख २२ हजार** बराबर रकमको यसअघि नै यस मेचीनगर नगरपालिका, नगर कार्यपालिकाबाट प्रस्ताव गरी पठाएको, तर कार्यक्रमबाट स्वीकृत नभएका प्रस्तावहरुमध्येका आयोजना मध्ये १ आयोजना स्वीकृत गर्न तराई मधेश समृद्धि कार्यक्रम नयाँवानेश्वर काठमाडौंमा कार्यालयबाट अनुरोध गर्न निर्णय गरियो ।